SOS CHILDREN'S VILLAGES

बोलपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१८

एसओएस बालग्राम नेपालअन्तर्गत मधेश प्रदेशको लहान नगरपालिका, कर्जन्हा नगरपालिका (सिरहा जिल्ला) तथा गणेशमान चारनाथ नगरपालिका (धनुषा जिल्ला) मा सञ्चालित समुदायमा आधारित परिवार सबलीकरण कार्यक्रमका लागि तपसिलमा उल्लेखित Winterisation Materials (जाडोका न्यानो कपडाहरू) आपूर्ति गर्न इच्छुक इजाजतप्राप्त विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूबाट आवश्यक कागजातसहित शिलबन्दी बोलपत्र (Sealed Quotation) आह्वान गरिन्छ ।

इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १४ दिनभित्र अर्थात् मिति २०८३/०८/०१ गते साँझ ५:०० बजेसम्म भक्तपुरको सानोठिमीस्थित एसओएस बालग्राम नेपालको राष्ट्रिय कार्यालय वा सिरहा जिल्लाको लहान नगरपालिकास्थित परियोजना कार्यालयमा शिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

बोलपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन साँझ ५:०० बजेसम्म बोलपत्र पेस गर्न सकिनेछ । तोकिएको म्याद नाघी प्राप्त भएका वा आवश्यक प्रक्रिया पूरा नगरी पेस गरिएका बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

बोलपत्र पेस गर्दा प्रस्तावित प्रत्येक सामग्रीको एक/एक थान नमुना (ब्रान्ड, तौल वा अन्य आवश्यक विवरण स्पष्ट देखिने गरी) प्याकिङ बक्स वा झोलामा राखी पेस गर्नुपर्नेछ। मूल्याङ्कन प्रक्रिया सम्पन्न भएपछि छनोट नभएका विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरूले आफूले पेस गरेका नमुना सामग्रीहरू पेस गरेकै स्थानबाट फिर्ता लैजान सक्नेछन् ।

सामग्रीको विवरण :

क्र. सं.	सामग्री	परिमाण	सामग्रीको विवरण	कैफियत
१	कम्मल (Blanket)	१०३७ थान	**सामग्री** : नरम, न्यानो र भुवा नआउने, गुणस्तरीय कम्मल (Blanket) **साइज (न्यूनतम)** : करिब ८० X १०० इन्च (डबल बेड साइज) **तौल (न्यूनतम)** : ३ के.जी., लेयर : डबललेयर	उल्लेखित सामग्री संख्यामा केहि मात्रामा थपघट हुन सक्नेछ
२	नेपाली डसना	१०३७ थान	**सामग्री** : गुणस्तरीय सेतो कपास र कपडा प्रयोग गरि बनाइएको, सेतो कपासमा धागो मिश्रित नभएको **साइज (न्यूनतम)** : करिब ७२ X ८४ इन्च (डबल बेड साइज) **तौल (न्यूनतम)** : नेपाली डसना - १० के.जी., **अन्य :** सिरानी २ समेत	
३	जाडोको लागि तन्ना	१०३७ थान	**कपडाको प्रकार** : पोलार फ्लीस वा पोलार भेल्भेट **विशेषताहरु** : नरम, न्यानो र भुवा नआउने, नियमित प्रयोग गर्न र पटकपटक धुन मिल्ने	

			साइज (न्यूनतम) : करिब ९० X १०० इन्च (डबल बेड साइज) **अन्य:** सिरानीको खोल २ सहित	
४	उनको स्वीटर (Sweater)	२३०२ थान	**मुख्य सामग्री** : उन (कम्तीमा ६०% उन मिश्रित) **डिजाइन** : हाइनेक वा राउण्ड नेक, पूरा हात भएको (विद्यालय पोशाकमा उपयुक्त हुने), **रङ** : निलो/खैरो/कालो (विद्यालय पोशाकमा उपयुक्त हुने) **साइज** : ४ साइज (४-६ वर्ष, ७-१० वर्ष, ११-१४ वर्ष, १५ देखि १८ वर्षको लागि) **गुणस्तर** : मजबुत सिलाई, पटकपटक धुँदा पनि नतन्कने, नखुम्चने, रङ नखुइलिने	
५	उनको टोपी (Knit Cap)	२३०२ थान	**मुख्य सामग्री** : उन (कम्तीमा ६०% उन मिश्रित) **डिजाइन** : कान छोप्ने **रङ** : निलो/खैरो/कालो (विद्यालय पोशाकमा उपयुक्त हुने) **साइज** : ४ साइज (४-६ वर्ष, ७-१० वर्ष, ११-१४ वर्ष, १५ देखि १८ वर्षको लागि) **गुणस्तर** : मजबुत सिलाई, पटकपटक धुँदा पनि नतन्कने, नखुम्चने, रङ नखुइलिने	

शिलबन्दी बोलपत्रका लागि पेश गर्नु पर्ने अनिवार्य कागजातहरु:

१. बोलपत्र
२. फर्म वा कम्पनी दर्ताको नवीकरणको प्रतिलिपी
३. उद्योग विभाग वा कम्पनी रजिष्टरको कार्यालयबाट प्रदान गरिएको व्यवसाय इजाजत पत्रको प्रतिलिपि
४. आ.व. २०८२/८३ सम्मको कर चुक्ता वा दाखिला प्रमाण पत्र
५. स्थायी लेखा न. (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि

थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला:

एसओएस बालग्राम नेपाल
राष्ट्रिय कार्यालय
सानोठिमी, भक्तपुर
सम्पर्क नम्बर : ०१-५९७०४२८
ईमेल: procurement@sosnepal.org.np
Website : https://www.sosnepal.org.np/notice
वा
परियोजनाको कार्यालय लहान नगरपालिका ६, राधा कृष्ण चोक, सिराहा